# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालद्वारा नेपाल वित्तीय संस्था कर्मचारी संघद्वारा आयोजित स्वागत कार्यक्रमलाई सम्बोधन



"मेरो पहिलो प्राथमिकता राष्ट्रिय स्वार्थ हो । राष्ट्रिय अर्थव्यवस्थामा नकारात्मक प्रभाव पर्ने कुनै पनि काम र नीतिगत निर्णय मबाट हुन सक्दैन । मेरो दोस्रो प्राथमिकता वित्तीय क्षेत्र स्थायित्वको निमित्त वित्तीय प्रणालीको संस्थागत सुशासनलाई थप मजबुत पारी आर्थिक विकासका लागि बैंकिङ्ग प्रणालीलाई गतिशील पार्नु हो । मेरो तेस्रो प्राथमिकता केन्द्रीय बैंकका साथै वित्तीय प्रणालीमा दक्ष र उत्पादनशील जनशक्तिको उपस्थित गराई Sound and Effective Financial System मार्फत सरकारको वित्तीय नीतिसँग सहकार्य गर्नु हो ।"

उपरोक्त प्राथमिकताक्रम गभर्नर डा. चिरंजीबि नेपालले आफ्नो कार्यकालको चौथो दिन नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक, केन्द्रीय समितिद्वारा आज बैंकको केन्द्रीय कार्यालयमा आयोजित स्वागत तथा बधाई कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा उल्लेख गर्नु भएको हो ।

पेशागत जीवनको अघिल्ला समयमा आफूले हासिल गरेका अध्ययन, अनुभव, उच्चस्तरीय नीतिगत सम्पर्क र अन्तर्राष्ट्रिय सम्बन्धलाई उपयोग गर्दै केन्द्रीय बैंकको समष्टिगत क्षमता वृद्धि गर्न, बजारलाई अनुशासित र उत्प्रेरित तुल्याउन तथा दीगो, फराकिलो र समतामूलक आर्थिक वृद्धिदर हासिल गर्न निरन्तर लागि पर्ने कुरा पनि सो अवसरमा गभर्नर डा. नेपालले उल्लेख गर्नु भयो ।

आफू पारदर्शिता र सहभागितामूलक कार्यशैलीमा विश्वास राख्ने व्यक्ति भएकाले मुलुकको वृहत्तर आर्थिक हितका लागि कर्मचारी युनियन, सहकर्मी जनशक्ति, निजी क्षेत्र र बैंकिङ्ग समुदायसँग खुला हृदयले सहकार्य गर्न तत्पर रहेको उल्लेख गर्दै गभर्नर डा. नेपालले सरकारले गभर्नरको पदमा नियुक्त गरेकै क्षणदेखि आफू संस्थाप्रति समर्पित भएको जानकारी दिनु भयो । गभर्नर डा. नेपालले हाल मुलुकको ५७ प्रतिशत जनसंख्या आर्थिक रूपले सक्रिय रहेकोले Bonus Population को लाभ लिनका निमित्त वित्त नीति र मौद्रिक नीतिको समन्वय बढाउँदै अर्थव्यवस्थामा लगानी आकर्षित गरी उत्पादन, रोजगारी र गार्हस्थ बचत वृद्धि गर्न केन्द्रीय बैंकले नीतिगत पहल गर्ने जानकारी दिनु भयो ।

साथै, यसका लागि सरकार, निजी क्षेत्र, अन्तर्राष्ट्रिय समुदाय र ट्रेड युनियनहरूसँग सहकार्य गरिने नीति अँगालिएको तथ्य पनि दोहोऱ्याउनु भयो ।

बरिष्ठ डेपुटी गभर्नर गोपालप्रसाद काफ्लेले पनि सम्बोधन गर्नु भएको सो कार्यक्रमको सभापतित्व संघका अध्यक्ष पदमराज रेग्मीले गर्नु भएको थियो ।

**२०७१ चैत ११, बुधबार** **गभर्नरको कार्यालय**